apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।

● वर्षः १२ ● अंकः ११० ● पृष्ठः ४ ● २५ वैशाख २०८३ शुक्रबार (08 May 2026, Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

# बरियारपट्टीमा छोटी भन्सार पुनःस्थापनाका लागि स्थानीय आन्दोलित, पुनःस्थापनका लागि ज्ञापन

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २४ गते**



सिरहाको बरियारपट्टीस्थित छोटी भन्सार कार्यालय बन्द गर्ने सरकारी निर्णयविरुद्ध स्थानीयवासी तथा व्यापारीहरू आन्दोलनमा उत्रिएका छन्। आन्दोलनका क्रममा हुलाकीमार्ग अवरुद्ध हुँदा सवारी आवागमन प्रभावित भएको छ भने सीमावर्ती क्षेत्रको आर्थिक गतिविधिमाथि गम्भीर असर पर्ने चिन्ता व्यक्त गरिएको छ।

नेपाल सरकारले २०८३ वैशाख २१ गते राजपत्रमा सूचना प्रकाशित गर्दै बरियारपट्टी छोटी भन्सार कार्यालय बन्द गर्ने निर्णय गरेको थियो । उक्त निर्णयप्रति असन्तुष्टि जनाउँदै स्थानीयवासी, व्यापारी तथा सरोकारवाला निकायले बरियारपट्टी गाउँपालिका-३ स्थित बरियारपट्टी चोकमा प्रदर्शन गरेका हुन्।

प्रदर्शनकारीहरूले सडकको बीचभागमा बेन्च राखेर बिहान करिब ८:३० बजेदेखि करिब चार घण्टा हुलाकीमार्ग अवरुद्ध गरेका थिए । आन्दोलनका कारण सवारी आवागमन प्रभावित भएको स्थानीयले बताएका छन्।

आन्दोलनरत पक्षले बरियारपट्टी छोटी भन्सार कार्यालय पुनः सञ्चालन गर्नुपर्ने माग गर्दै सरकारको निर्णय तत्काल फिर्ता लिन आग्रह गरेका छन् । स्थानीय बिरमल यादवका अनुसार भन्सार कार्यालय बन्द हुँदा सीमावर्ती क्षेत्रको व्यापार, राजस्व संकलन तथा स्थानीय आर्थिक गतिविधिमा प्रत्यक्ष असर पर्ने भएकाले आन्दोलन गर्न बाध्य भएको हो ।

यसैबीच, बरियारपट्टी छोटी भन्सार कायम गर्नुपर्ने विषयमा सिरहा क्षेत्र २ का प्रतिनिधिसभा सदस्य शिवकुमार यादवले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसँग छलफल गरेका छन् । छलफलपछि अर्थमन्त्री वाग्लेले तत्कालका लागि भन्सार कार्यालयबाट कर्मचारी नहटाउन तथा पूर्ववत् रूपमा भन्सार काट्ने व्यवस्था मिलाउन निर्देशन दिएको सांसद यादवले जानकारी दिए ।

सांसद यादवका अनुसार छोटी भन्सार खारेज गर्ने निर्णय अघिल्लो

बाँकी पृष्ठ ३ ▸▸

# मधेशका मुख्यमन्त्रीले निजी सचिवालयमा १० जना राखेपछि कर्मचारीले रोके तलब

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख २४ गते**



मधेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले निजी सचिवालयमा १० जना नियुक्ति गरेपछि कर्मचारीले तलब नै रोकिदिएका छन् । यादव १९ मंसिरमा मुख्यमन्त्री बनेपछि आफ्नो सचिवालयमा स्वकीय सचिव, कम्प्युटर अपरेटर, सवारीचालक र कास लगायत १० जना नियुक्त गरेका थिए ।

मुख्यमन्त्री कार्यालय स्रोतका अनुसार सचिवालयमा स्वकीय अधिकृतमा कमलदेव यादव, कम्प्युटर अपरेटरमा महेश्वर चौधरी, चालकमा दिवस दुलाल, कार्यालय सहयोगीमा विद्यालाल राउत, संजितकुमार यादवलगायत १० जना नियुक्त छन्।


मधेश प्रदेशको मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा स्वकीय सचिवसहित १४ जनासम्म मुख्यमन्त्रीले सचिवालयमा राख्न सक्छन् ।

तर जेनजी आन्दोलन पश्चात नेपाल सरकारको ५ असोजमा बसेको मन्त्रिपरिषद् बैठकले तीनै तहको सरकारले गर्नुपर्ने खर्च कटौतीबारे निर्णय गरेको थियो ।

नेपाल सरकारको अर्थ मन्त्रालयले ७ असोजमा तीनै तहको सरकारलाई

बाँकी पृष्ठ ४ ▸▸

# युवा उद्यमी खोज्दै राष्ट्रिय युवा परिषद्, आवेदन दिने म्याद थप




**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २४ गते**

राष्ट्रिय युवा परिषद्ले प्रदेशस्तरीय स्टार्टअप व्यवसाय प्रतियोगिताका लागि आवेदन दिन थप समय दिएको छ । परिषद्ले सूचना जारी गर्दै आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत सञ्चालन हुन लागेको प्रतियोगितामा सहभागी हुन इच्छुक युवालाई आवेदन दिन समयावधि थप गरिएको जनाएको हो।

परिषद्का अनुसार कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका युवाहरूले प्रतियोगितामा सहभागिता जनाउन सक्नेछन्। आवेदन दिन इच्छुक युवाले परिषद्को आधिकारिक वेबसाइटमार्फत अनलाइन फारम भर्नुपर्ने व्यवस्था गरिएको छ।

यसअघि तोकिएको समयसीमा अनुसार आवेदन दिन नसकेकाहरूको मागलाई ध्यानमा राख्दै आवेदन अवधि थप गरिएको परिषद्ले जनाएको छ। अब इच्छुक युवाले आगामी जेठ ४ गते राति १२ बजेसम्म आवेदन दिन

बाँकी पृष्ठ ४ ▸▸

# मागअनुसार मल आपूर्ति नहुँदा मधेश प्रदेशका किसान चिन्तित

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख २४ गते**



प्रत्येक वर्ष खेती गर्ने समयमा किसानले रासायनिक मलको अभाव झेल्नुपर्ने बाध्यता निम्तिन्छ। समयमै मल आपूर्ति नहुँदा किसानले सिजनमै मलको अभाव सामना गर्नुपर्ने नियति छ।

यतिबेला मकै बालीका लागि रासायनिक मल आवश्यक पर्छ । केही महिनामै धान खेतीका लागि पनि मलको जोहो गर्नुपर्ने बाध्यतामा किसान छन् ।

अन्न उत्पादनको दृष्टिले महत्त्वपूर्ण मानिको मधेश प्रदेशमै रासायनिक मलको अभाव बढ्न थालेको छ । रासायनिक मल, भरपर्दो सिँचाइ र उन्नत बीउको सहज उपलब्धता नहुँदा कृषि उत्पादनमा ह्रास आउने कृषकको भनाइ छ ।

'एकातिर सरकारले कृषिको उत्पादन र उत्पादकत्वलाई प्राथमिकता दिएका छौं भन्छ, तर अर्कोतर्फ कृषकलाई चाहिने मल समयमै उपलब्ध गराउन सक्दैन,' धनुषाका किसान रामप्रसाद साहले भने ।

चैते धान, मकै र उखुका लागि समयमा मल नपाउँदा मधेशका किसान निराश बनेका छन् ।

सर्लाहीको नवलपुरका किसान अशोक झाले बजारमा मलको अभावसँगै कालोबजारी बढेको गुनासो गरे। समयमै मल नपाउँदा उखु रोप्न नसकिएको उनले बताए ।

बाँकी पृष्ठ ३ ▸▸

# घरमै मृत भेटिए आमाछोरा

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख २४ गते**

धनुषाको धनुषाधाम नगरपालिका-७ किसानपुरमा डेढ वर्षीय बालकसहित आमा मृत भेटिएकी छन्।

किसानपुरकी २३ वर्षीया बबिता साह झुण्डिएको अवस्थामा मृत फेला परेकी हुन्। उनका १८ महिने छोरा आरभ साह पूजा कोठामा मृत फेला परेको जिल्ला प्रहरी कार्यालय, धनुषाका प्रवक्ता गणेशबहादुर बमले बताए ।

मृतक बबिताका श्रीमान वैदेशिक रोजगारीमा छन् । उनी केही समयअघि घर आएका थिए । उनी २० दिनअघि पुनः विदेश फर्किएको स्थानीय बासिन्दाले बताएका छन्।

बाँकी पृष्ठ २ ▸▸




## स्वतन्त्र प्रेस, सबल लोकतन्त्र ।

- अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो ।
- स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं ।
- सञ्चारमाध्यमलाई दबाव, धम्की र हस्तक्षेपबाट मुक्त राखौं ।
- सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं ।
- गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं ।
- पत्रकारहरूको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं ।
- सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं ।
- प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं ।
- सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### सार्वजनिक जग्गा संरक्षणमा ढिलाई नगर

सार्वजनिक तथा संस्थागत प्रयोजनका जग्गा कुनै व्यक्ति वा समूहको निजी सम्पत्ति होइनन् । ती सम्पूर्ण समुदायको साझा सम्पत्ति हुन् । विद्यालय, स्वास्थ्य संस्था, सडक, पार्क, वन क्षेत्र, सामुदायिक भवन तथा भावी विकास योजनाका लागि यस्ता जग्गा अपरिहार्य आधार मानिन्छन् । तर, यिनै सार्वजनिक सम्पत्तिको संरक्षणमा राज्य संयन्त्रले देखाउने उदासीनता चिन्ताको विषय बनेको छ । सिरहाको गोलबजार क्षेत्रमा देखिएको अवस्था त्यसकै एउटा प्रतिनिधि उदाहरण हो । झण्डै २८ महिनाअघि सार्वजनिक तथा संस्थागत जग्गा संरक्षणको माग गर्दै निवेदन दर्ता भयो । त्यस निवेदनमा तोक आदेशसमेत भएपनि कार्यान्वयन हुन सकेन । यो घटनाले सरकारी संयन्त्रणको काम गराईको अवस्थालाई देखाउने गरेको छ । त्यससँगै स्थानीय तहको जिम्मेवारी बोकेको गोलबजार नगरपालिकाले आफ्नो जवाफदेहिता पूरा गर्न नसकेको भन्ने प्रश्न उठेको छ । स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार मानिन्छ । जनताको सम्पत्ति जोगाउने, अभिलेख सुरक्षित राख्ने र अतिक्रमण रोक्ने दायित्व पनि उसकै हो । तर, लामो समयसम्म कुनै ठोस पहल भएन ।

वन क्षेत्रको जग्गाको विषयमा वन कार्यालय पनि हो । त्यही वन कार्यालयले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ । सार्वजनिक वन वुटियान लगायतका सिरहा जिल्लाका चुरे क्षेत्रका सार्वजनिक महत्वका जग्गाको संरक्षण गर्न वन कार्यालयले विशेष जोड दिनुपर्छ । आंशिक रूपमा संरक्षण गरिएपनि त्यसलाई फराकिलो ढंगवाट अघि वढाउनु पर्छ । पालिकाकै स्वामित्वमा रहेका अन्य जग्गा अझै संरक्षणबाहिर छन् । त्यसले कुन जग्गा जोगाउने र कुन बेवास्ता गर्ने ? भन्ने प्रश्न पनि उठेको छ । एउटै प्रकृतिका सार्वजनिक सम्पत्तिप्रति फरक व्यवहार हुनु प्रशासनिक प्राथमिकता, पारदर्शिता र नियतमाथि नै प्रश्न उठेको छ । सार्वजनिक जग्गा संरक्षणमा ढिलासुस्ती हुनुको प्रत्यक्ष लाभ भूमाफिया र अतिक्रमणकारी समूहलाई पुग्ने गर्छ । संरक्षणविहीन जग्गा विस्तारै निजी कब्जामा पुग्ने, नक्कली कागजात बन्ने, राजनीतिक पहुँचका आधारमा उपयोग हुने तथा अन्ततः सार्वजनिक सम्पत्ति हराउने जोखिम बढ्दै जान्छ । एकपटक अतिक्रमण भइसकेपछि त्यसलाई फिर्ता ल्याउन कानुनी र सामाजिक रूपमा निकै कठिन हुन्छ । त्यसैले समयमै संरक्षण गर्नु नै सबैभन्दा प्रभावकारी उपाय हो ।

स्थानीय तहले अब यस विषयलाई सामान्य प्रशासनिक फाइलका रूपमा होइन । सार्वजनिक उत्तरदायित्वको प्रश्नका रूपमा लिनुपर्छ । सार्वजनिक तथा संस्थागत जग्गाको स्पष्ट अभिलेखीकरण, सीमांकन, घेराबार, सूचना बोर्ड स्थापना तथा डिजिटल अभिलेख व्यवस्थापन तत्काल आवश्यक छ । साथै, तोक आदेश भएर पनि कार्यान्वयन नगर्ने जिम्मेवार निकाय वा कर्मचारीमाथि पनि जवाफदेहिता सुनिश्चित हुनुपर्छ । जनताको सम्पत्ति जोगाउने दायित्व राज्यको हो । यदि सार्वजनिक जग्गा नै असुरक्षित हुने अवस्था रहिरह्यो भने विकास, सुशासन र जनविश्वासका सबै नाराहरू अर्थहीन बन्नेछन् । गोलबजार नगरपालिकाले सार्वजनिक सम्पत्ति संरक्षणको विषयलाई विशेष जोड दिई अघि वढ्नु पर्छ ।

### घरमै मृत भेटिए ............

ईलाका प्रहरी कार्यालय, धनुषाधामबाट प्रहरी निरीक्षक राजेश शर्मा अधिकारीको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको छ । प्रहरी टोलीले घटनास्थलको मुचुल्का उठाएको छ । र थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, धनुषाका प्रवक्ता बमले बताए ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल

# ज्ञान र प्रविधिबिना गन्तव्यहीन यात्रामा नेपाल



✍ **प्रा. डा. राजेन्द्रध्वज जोशी**

ज्ञान र प्रविधिको आडमा मानव सभ्यता विकास भएको हो । ज्ञान र प्रविधिको विकास अनुसन्धानमा भएको लगानीको प्रतिफल हो । अनुसन्धानमा लगानी प्राचीनकालदेखि नै सुरु भएको हो । ज्ञान र प्रविधिले मानिसको समूहलाई टिक्न मद्दत गरेकाले उनीहरूले सामूहिक रूपमा ज्ञान र प्रविधि सिर्जनामा लगानी गर्न थालेका थिए ।

करीब आठ नौ हजार वर्षअघि मानवजातिले कृषि अँगालेपछि समाजमा औपचारिक कार्य विभाजन प्रारम्भ भयो । यसै व्यवस्थाअन्तर्गत कृषि, कालिगढी र व्यापार पेसाका रूपमा स्थापित भयो । समाजमा विद्यमान र नवसिर्जित ज्ञानका आधारमा कालिगढहरूले प्रविधि सिर्जना गर्न थाले ।

करीब पाँच हजार देखि २५ सय वर्षअघिको प्राचीन सभ्यताकालमा सिन्धु उपत्यका, चीन, मेसोपोटामिया र इजिप्टमा समाजभित्र कार्य विभाजनको विस्तृतीकरण भएको पाइन्छ । त्यसकालमा पुरोहित, मुनिम (लेखक), इन्जिनियर र सिपाही जस्ता नयाँ पेसाहरू स्थापित भए । त्यसबेला ज्ञान र प्रविधि सिर्जना गर्न धार्मिक संस्था तथा दरबारहरूबाट लगानी हुन थालेको देखिन्छ ।

करीब पाँच हजार वर्षअघि ज्ञान र प्रविधि विकासका लागि औपचारिक संस्थाहरू प्राचीन मेसोपोटामिया र इजिप्टमा स्थापना भएका थिए । मन्दिरका विद्यालय र लेखन प्रतिष्ठानहरू त्यस्ता संस्था थिए ।

हाल पाकिस्तानमा अवस्थित करिब २५ सय वर्षअघि स्थापित तक्षशिला (टक्सिला) दक्षिण एसिया क्षेत्रको पहिलो विश्वविद्यालय हो । करिब त्यही समयमा नेपालमा ज्ञान र प्रविधि विकासका लागि औपचारिक संस्थाहरूका रूपमा स्वयम्भूलगायत बौद्ध गुम्बाहरू स्थापित भएका थिए । करिब २२ सय वर्षअघि चीनमा स्थापित राजकीय प्रतिष्ठानहरू ज्ञान र प्रविधि विकासका लागि स्थापना भएका औपचारिक संस्थाहरू हुन् ।

इतिहासका कालखण्डमा ज्ञान र प्रविधि सिर्जनाको प्रभुत्व संसारका विभिन्न क्षेत्रमा सर्दै गएको देखिन्छ । मेसोपोटामिया र इजिप्टको करिब पाँच हजार वर्षअघि सुरु भएको वर्चस्व करिब २५ सय वर्ष टिक्यो । त्यसपछि करीब १२ सय वर्षसम्म ज्ञान र प्रविधि सिर्जनामा चीन, दक्षिण एसिया, ग्रिस र रोमको प्रभुत्व रह्यो ।

तत्पश्चात् आठौंदेखि १४औँ शताब्दीसम्म ज्ञान र प्रविधि सिर्जनाको प्रभुत्व इस्लामिक मध्यपूर्व र पर्सियामा र १५ देखि १८औँ शताब्दीसम्म आधुनिक युरोपमा सऱ्यो । तत्पश्चात् युरोपको वर्चस्वलाई संयुक्त राज्य अमेरिकाले विस्थापित गर्न सुरु गऱ्यो । बीसौँ शताब्दीको अन्त्यसम्ममा संयुक्त राज्य अमेरिकाले ज्ञान र प्रविधि सिर्जनामा सर्वश्रेष्ठता कायम गऱ्यो ।

अनुसन्धानमा लगानीबाट स्थापित ज्ञान र प्रविधि सिर्जनामा श्रेष्ठताको फलस्वरूप इस्वी संवत्को सुरुतिर विश्वको कुल गार्हस्थ्य उत्पादनमा चीन र दक्षिण एसिया क्षेत्रको योगदान दुई तिहाइको हाराहारीमा थियो भने ज्ञान र प्रविधि सिर्जना गर्ने क्षमतामा श्रेष्ठता गुमेपछि चीन र दक्षिण एसिया क्षेत्रको योगदान विश्वको कुल गार्हस्थ्य उत्पादनमा करीब आठ प्रतिशतमा झऱ्यो । यसबाट विकासमा अनुसन्धानको योगदान छर्लङ्ग हुन्छ ।

**सर्वोच्चताका लागि विश्वव्यापी होड**

विकास र ज्ञान तथा प्रविधि विकास गर्ने क्षमताबीचको बलियो सम्बन्ध उजागर भएपछि ज्ञान र प्रविधि विकासको उत्कृष्ट क्षमता भएका विश्वविद्यालयहरू विकास गर्ने होड विश्वमा चल्न थाल्यो । यस्ता विश्वविद्यालयलाई विश्वस्तरीय विश्वविद्यालयको संज्ञा दिइएको छ । विश्वस्तरीय विश्वविद्यालय अनुसन्धानमुखी विश्वविद्यालय हुन् । विकासमा उत्कृष्ट विश्वविद्यालयको महत्त्व स्थापित भएकाले विश्वविद्यालयको उत्कृष्टता मापन गर्ने प्रणालीहरू विकास भएका छन् । विश्वस्तरीय विश्वविद्यालयको सर्वमान्य परिभाषा बनेको छैन । तर ज्ञान र प्रविधि सिर्जनामा आफ्नो वर्चस्व स्थापित गर्न चाहने देशहरूले विश्वविद्यालयको वरीयताक्रममा सर्वोत्कृष्ट १०० वटा विश्वविद्यालयहरूभित्र पर्ने आफ्ना देशका विश्वविद्यालयहरूको संख्या बढाउने प्रतिस्पर्धामा छन् ।

उत्कृष्टताको आधारमा विश्वविद्यालयहरूको वरीयताक्रम निकाल्ने पद्धतिहरूमध्ये साङ्घाई र्‍याङ्किङ पद्धति ज्ञान र प्रविधि सिर्जना गर्ने क्षमता मूल्याङ्कनका लागि बढी उपयुक्त छ । साङ्घाई र्‍याङ्किङअनुसार सन् २०१८ मा संयुक्त राज्य अमेरिकाका ४८ वटा विश्वविद्यालयहरू र चीनका २ वटा विश्वविद्यालयहरू सर्वोत्कृष्ट १०० भित्र परेका थिए । सन् २०२५ मा संयुक्त राज्य अमेरिकाका ३७ वटा विश्वविद्यालयहरू र चीनका १२ वटा विश्वविद्यालयहरू सर्वोत्कृष्ट १०० भित्र परे ।

यस तथ्याङ्कले विभिन्न देशहरूबीच ज्ञान र प्रविधि सिर्जनामा आफ्नो वर्चस्व स्थापित गर्न भइराखेको प्रतिस्पर्धाको चित्रण गर्दछ । क्यानडा, चिली, चीन, डेनमार्क, फ्रान्स, जर्मनी, जापान, गणतन्त्र कोरिया, रुस, संयुक्त अधिराज्य र संयुक्त राज्य अमेरिका आदि देशहरू विश्वविद्यालयहरूको ज्ञान र प्रविधि सिर्जना गर्ने क्षमता बढाउन उच्च लगानी गर्दै प्रतिस्पर्धामा छन् ।

छोटो समयभित्र ज्ञान र प्रविधि सिर्जना गर्ने क्षमता विकासमा उत्कृष्टता हासिल गर्न सक्षम विश्वविद्यालयहरूमध्ये एउटा सन् १९७१ मा स्थापना भएको कोरिया एड्भान्स्ड इन्स्टिच्युट अफ साइन्स एन्ड टेक्नोलोजी हो । उदाहरणका लागि यस विश्वविद्यालयको रोबोटिक्स साइन्स र इन्जिनियरिङ कार्यक्रम विश्व वरीयताक्रममा १५औँ र बायोटेक्नोलोजी कार्यक्रम १६औँ स्थानमा छन् । यस विश्वविद्यालयका अन्य ६ वटा कार्यक्रमहरू समेत विश्व वरीयताक्रममा ७५औँ स्थानभित्र पर्छन् ।

ज्ञान र प्रविधि सिर्जना गर्ने क्षमता विकासमा उत्कृष्टता हासिल गर्न स्थापना गरिएका विश्वविद्यालयहरूमध्ये भारतका इन्डियन इन्स्टिच्युट अफ टेक्नोलोजीहरू (आईआईटी) पनि पर्छन् । सन् १९५१ देखि १९६१ भित्र ५ वटा आईआईटी राष्ट्रिय महत्त्वका संस्थाहरूका रूपमा स्थापना भएका थिए । तीमध्येका आईआईटी दिल्ली वरीयताक्रममा ६०० देखि ७०० भित्र पर्छ । भारतको विकासमा आईआईटीहरूले गरेको योगदानका कारण थप १८ वटा आईआईटीहरू स्थापना भएका छन् ।

ज्ञान र प्रविधि सिर्जना गर्ने क्षमता विकासमा उत्कृष्टता हासिल गर्न २१औँ शताब्दीमा स्थापना गरिएका विश्वविद्यालयहरूमध्ये सन् २००९ मा २३ अर्ब डलर लगानीमा स्थापना भएको किङ अब्दुल्ला युनिभर्सिटी अफ साइन्स एन्ड टेक्नोलोजी, ठूलो लगानीबाट सन् २०१० मा स्थापना भएको नाजारबायोभ युनिभर्सिटी र २०० मिलियन डलर लगानीमा सन् २०२२ मा स्थापित भियतनामिज जर्मन युनिभर्सिटी पर्छन् ।

विश्वस्तरीय विश्वविद्यालयका रूपमा विकास गर्ने लक्ष्यसहित नेपालमा सन् २०२२ मा सार्वजनिक क्षेत्रमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना भयो । सोह्र वर्षका लागि प्राविधिक सहयोग तथा सञ्चालन खर्च र दिगो वित्तीय व्यवस्थाका लागि प्रस्ताव गरिएको एउटा जलविद्युत् आयोजनासहित यसको लागि अनुमानित लागत ४३५ मिलियन डलर थियो ।

सन् २०१९ मा नेपाल सरकारले विश्वविद्यालयको परियोजना प्रस्ताव चीन सरकारलाई सहयोगका लागि पेस गरेको थियो । यो विश्वविद्यालय नेपाल सरकारको लगानीमा सञ्चालनमा छ । हालसम्म नेपाल सरकारले २ अर्ब ३१ करोड रुपैयाँ विनियोजन गरिसकेको छ ।

**नेपाल गन्तव्यहीन यात्रामा**

विकासका लागि स्पष्ट मार्गचित्र आवश्यक हुन्छ । स्पष्ट मार्गचित्र नभएपछि नेता स्वाभाविक रूपमा अल्मलिन्छन् र विकास गर्न सकिन्छ भन्ने आत्मविश्वास डगमगाउँछ । यस्तो अवस्थामा एकातर्फ नेताले जे गरे पनि हुनेजस्तो अनुभूति हुन्छ भने अर्कोतर्फ नेताले बाटो बिराए नबिराएको जनता पहिचान गर्न सक्दैनन् । यस्तो अवस्थाले नेताले देशको स्वार्थभन्दा आफ्नो स्वार्थ माथि राख्ने जोखिम बढ्छ र बिस्तारै नेता भ्रष्टाचारतिर चिप्लिँदै जान्छन् ।

देश विकासको स्पष्ट मार्गचित्र कोर्न सजिलो छैन । अझै पनि त्यस्तो मार्गचित्र छ जस्तो लाग्दैन । यस्तो मार्गचित्र बनाउन ज्ञान र प्रविधि सिर्जना गर्न सक्ने विश्वविद्यालयहरू आवश्यक छन् । यस्तो आवश्यकता आजसम्म नेपालका सरकारहरूले दृढ रूपमा महसुस गरेका छैनन् ।

उच्च शिक्षा प्राप्त व्यक्तिले कुनै पनि विषयमा गहिरो अध्ययन गर्ने र गहिरो विश्लेषणका आधारमा वस्तुगत निष्कर्ष निकाल्ने क्षमता विकास गर्नुपर्छ । तर यस्तो क्षमता विकासमा नेपालको उच्च शिक्षा चुकेको देखिन्छ । विश्वविद्यालयहरूमा अनुसन्धान उपेक्षित भएकाले यस्तो अवस्था सिर्जना हुन गएको हो ।

**बाँकी पृष्ठ ४ ▸▸**

## आजको राशिफल

**मेष** : समय राम्रो छ । पढाइमा प्रगति हुनेछ । मनमा व्यवसाय वा पेसामा परिवर्तनको धारणा पलाउन सक्छ ।

**बृष** : समय मध्यम खालको रहनेछ ।अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइने छ ।

**मिथुन** : साथीसंगको भेटघाट रमाइलो हुनेछ तर झगडा पनि हुन सक्छ, सतर्क हुनुहोला ।

**कर्कट** : मानसिक तनावबाट मुक्त हुन कठिन छ । इष्टमित्रबाट तिरस्कृत, अपमानित हुनुपर्ने अवस्था आइपर्न सक्छ ।

**सिंह** : समय र स्वास्थ्य राम्रो रहनेछ । कानुनी क्रियाकलापमा विजय प्राप्त हुनेछ । धार्मिक यात्रा फलदायी हुनेछ ।

**कन्या** : सम्बन्ध सुदृढ बन्नेछ तथा व्यापार र व्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ ।

**तुला** : नियमित खर्चसमेत बढ्ने योग छ । ताकेका काममा बाधा हुनेछ ।

**वृश्चिक** : मातापिता र अभिभावक वर्गसँग राम्रो हुनेछ । कामबाट लाभ लिन सकिने छैन, सरकारी काममा विलम्ब हुनेछ ।

**धनु** : समय शुभ छ । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । सानो प्रयत्नले ठूलो काम सम्पादन हुनेछ ।

**मकर** : कामबाट लाभ हुने सम्भावना छ । लगानी गर्नु राम्रो हुन्छ । सङ्कटको सामना गर्दै उपलब्धी हासिल गर्नु पर्नेछ ।

**कुम्भ** : समय राम्रो रहनेछ । दाम्पत्य जीवन सुखद् तथा समृद्ध बन्ने देखिन्छ ।

**मीन** : नेतृत्व लिएर काम गरेको जाति हुन्छ । पराक्रम र उत्साहमा कमी आउने छ ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

# वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मा कर्मचारी नियुक्ति विवाद, तीन दिनदेखि तालाबन्दी

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख २४ गते**

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मा कर्मचारी नयाँ नियुक्तिको विषयलाई लिएर तीनदेखि तालाबन्दी जारी छ।

परिषद्का अध्यक्ष शीतल साहले पदमुक्त हुनु दुई दिन अगावै २१ जनालाई नियुक्ति गरेको विषयमा विवाद बढ्दै गएको छ। गत एक वर्षअघि गरिएका विज्ञापनको नियुक्ति अध्यक्ष साहले गएको वैशाख १७ गते नै आफू पदमुक्त हुनु दुई दिनअघि मात्रै गरेका थिए। उनले गरेको नियुक्तिले अहिले विवाद चुलिएको छ।





नियुक्त गरिएका ती २१ जना कर्मचारी मध्ये नायब सुब्बा पदमा उनकी बुहारी प्रियंका महासेठ समेत छिन्। सरकारले तीन दिनअघि वैशाख १९ गतेदेखि लागू हुने गरी बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्सहितको राजनीतिक नियुक्त खारेज गरेको थियो।

नियुक्त भएका कर्मचारीहरूलाई कानुन विपरित नियुक्त गरिएको भन्दै आपति जनाउँदा नियुक्त भएका कर्मचारीहरूले नै बुधबार साँझ वृहत्तरको कार्यालयमा तालाबन्दी गरेका छन्। पुराना कर्मचारी निर्देशक वैद्यनाथ पासवानको किर्ते हस्ताक्षर गरी विज्ञापन गरिएको भन्दै आपति जनाउँदै आएका छन्।

परिषद्का निर्देशक पासवानले २०८० माघदेखि कर्मचारीहरू तलब भत्ता नपाएको र २२ जना स्थायी कर्मचारी हुँदाहुँदै अध्यक्ष साहले आफ्नो किर्ते हस्ताक्षर गरी कर्मचारी भर्नाको फेक विज्ञापन गरेको भनी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सो विज्ञापन तत्काल रोक्न माग गरेका थिए।

पासवानले उक्त पत्रको प्रतिलिपि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, अर्थ मन्त्रालय, लोक सेवा आयोग, जिल्ला प्रशासन कार्यालय धनुषा र महोत्तरी तथा कोष तथा लेखा नियन्त्रक कार्यालय धनुषालाई समेत पठाएका थिए।

मन्त्रालयलेसमेत २०८२ कात्तिक २७ गते उक्त विज्ञापन कार्यान्वयनमा नल्याउन निर्देशन समेत दिइसकेको छ। मन्त्रालयले गरेको पत्रचारमा विज्ञापनबारे मन्त्रालयमा परेको उजुरीहरूको छानविन गर्न मन्त्रालयबाट समितिसमेत गठन गरिरहेको सन्दर्भमा सम्पूर्ण विषयको कानूनी, संस्थागत आवश्यकता, स्रोतसाधन, वोर्ड बैठकको निर्णय लगायतका विषय हेरी छानविन सम्पन्न भई यकिन नहुँदासम्म कर्मचारी भर्ना कार्य यथास्थितिमा राख्न हुन भनिएको थियो।

एक वर्षपछि सो विज्ञापनको नियुक्ति पदमुक्त हुनुअघि अध्यक्ष साहले गर्दा झन् विवादित बनेको छ। उनले लेखापाल, सिभिल इन्जिनियर र नायव सुब्बामा एक/एकजना नयाँ नियुक्त गरेका हुन्। सहायक कम्प्युटर अपरेटर एक, हलुका सवारी चालक एक, खरिदार दुई र कार्यालय सहयोगी/संस्कृति प्रहरी १५ जना नियुक्त गरेका छन्। त्यसमा आफ्नो बुहारी सहित तीन जनालाई नियुक्त गरेको कार्यालयका एक कर्मचारीले बताएका छन्।

कर्मचारी नियुक्ति विवादबारे जिल्ला प्रशासन कार्यालय धनुषामा बिहीबार दुवै पक्षबीच छलफल भएको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जानकारी दिए। उनका अनुसार, अध्यक्ष साहले वैशाख १७ गतेको मितिमा २१ जनाको नियुक्ति गरेको देखिन्छ।

पुराका कर्मचारीले नयाँलाई हाजिर हुन नदिएपछि छलफलमा बोलाइएको थियो। छलफलबाट टुंगो नलागेपछि संघीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा जानकारी गराइएको छ। प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलका अनुसार हाल कुनै पनि कर्मचारीलाई कार्यालयमा हाजिर नहुने, कार्यालयमा तालाबन्दी गर्ने, परिचयपत्र कार्ड नलगाउने, कार्यालयको निगरानीको लागि प्रहरी खटाउने सहमति भएको थियो।

यता साहले सबै नियुक्त दरबन्दीअुनसार गरिएको दाबी गरेका छन्। बुहारी प्रियंकाको नियुक्ति पनि निष्पक्ष रहेको उनको भनाइ छ। उनका अनुसार, ०८२ कात्तिक १७ गते परिषद्ले कर्मचारी राख्न विज्ञापन गरेको थियो सोही बमोजिम नियुक्ति गरिएको हो।

एक वर्षपछि नियुक्ति किन गरिएको भन्ने विषयमा उनले दरबन्दी स्वीकृत नभएका कारण रोकिएको बताए।

बाँकी पृष्ठ ४

## मागअनुसार मल आपूर्ति नहुँदा मधेश प्रदेशका ............

धनुषाको नगराइन नगरपालिका निवासी ज्योतिष चन्द्र झाले पनि गत वर्षझैं यस वर्ष पनि मल अभाव दोहोरिएको बताए। 'मलको चरम अभाव छ। कालोबजारी पनि बढेको छ,' उनले भने, 'अघिल्ला वर्षहरूमा हामी सीमा पारीबाट मल ल्याएर केही व्यवस्थापन गर्थ्यौं, तर सीमा क्षेत्रमा कडाइ बढेपछि यस वर्ष झन् समस्या बढेको छ।'

किसानहरूले समयमै मल आपूर्ति सुनिश्चित गर्न सरकारलाई आग्रहसमेत गरेका छन्।

रोपाइँ गर्ने समय आउन लाग्दा सरकारको अनुदानको मल बिक्री वितरण गर्दै आएको कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय जनकपुरधाममा मधेशका लागि डीएपी र युरिया मलको मौज्दात आवश्यकता बमोजिम छैन।

एक पटक रासायनिक मल प्रयोग गरिसकेको खेतमा अर्को पटक रासायनिक मल प्रयोग नगर्दा धान, गहुँ लगायतका बालीको उत्पादकत्व निकै कम हुने गरेको किसान बताउँछन्। त्यसैले खेती गर्दा रासायनिक मल प्रयोग गर्नैपर्ने वाध्यता रहेको उनीहरूको भनाइ छ।

मधेश प्रदेशका लागि चाहिने मलको अनुपातमा कम उपलब्ध भएकाले अहिले मलको अभाव देखिएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशका बाली विकास अधिकृत रविन बस्नेतले बताए।

उनले भने, 'मलको परिपूर्र्तिका लागि सोझै खरिद गर्ने अवस्था नरहेकाले साल्ट ट्रेडिङ र कृषि सामग्री मार्फत औपचारिक/अनौपचारिक सम्पर्क गर्दा बाहिरबाट आउने सम्भावन न्यून रहेको खबर पाएका छौं।' संघीय मन्त्रालयबाट वैकल्पित उपाय अपनाउन भनिएकाले सोही अनुसार काम अगाडि बढाएको उनको भनाइ छ।

कृषि सामग्री कम्पनी लिमिटेड मधेश प्रदेश वीरगंजका सूचना अधिकारी दिनेश शर्माका अनुसार मुलुकका लागि जति रासायनिक मल चाहिएको छ, सो अनुसार आपूर्ति हुन नसक्दा अभाव बढेको हो। उनले भने, 'माग र आपूर्ति समान छैन। मुलुकका लागि १७ देखि १८ लाख मेट्रिक टन मलको आवश्यकता छ, तर सरकारले ३ देखि ४ लाख मेट्रिक टन रासायनिक मलमात्र ल्याउन सकेकाले अभाव सिर्जना हुँदै आएको छ।'

शर्माका अनुसार पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिका कारण खरिद गरिएको सामान पनि रोकिएको अवस्था छ। यद्यपि पटक-पटक युरिया मल ल्याइएकाले यस वर्ष युरिया मलको अभाव हुने छैन, डीएपी मलको अभाव देखिन सक्ने उनको भनाइ छ।

कृषि सामग्री प्रादेशिक कार्यालयको साउन १ देखि चैत ३० गतेसम्मको आवधिक तथ्याङ्क अनुसार युरिया मल २७ हजार ४३१ मेट्रिक टन, डीएपी १० हजार २१५ मेट्रिक टन, पोटास ४ हजार ७५८ मेट्रिक टन, चुन ५२ मेट्रिक टन लगायत अन्य मल गरी जम्मा ४२ हजार ६२८ मेट्रिक टन मल स्टक छ।

## बरियारपट्टीमा छोटी भन्सार पुनःस्थापनाका ............

सरकारले गरेको भए पनि हालको सरकारले पुनः सञ्चालनका लागि आवश्यक प्रक्रिया अघि बढाउने आश्वासन दिएको छ।

प्रदर्शनमा बजार व्यवस्थापन समिति अध्यक्ष अम्बेय कुमार यादव, सुखीपुर उद्योग व्यापार संघका सचिव सञ्जय कुमार यादव, वडा अध्यक्ष विनोद यादवलगायत स्थानीयवासीको सहभागिता रहेको थियो।

आन्दोलनकारीहरूले जिल्ला प्रशासन कार्यालय सिरहामा ज्ञापनपत्र बुझाउँदै छोटी भन्सार कार्यालय पुनः स्थापना गर्न माग गरेका छन्। ज्ञापनपत्रमा भन्सार कार्यालय सञ्चालन हुँदा स्थानीय व्यापार-व्यवसाय, आयात-निर्यात, रोजगारी तथा सरकारी राजस्व संकलनमा सकारात्मक प्रभाव परेको उल्लेख गरिएको छ।

ज्ञापनपत्रमा कार्यालय बन्द हुँदा अवैध कारोबार र राजस्व चुहावट बढ्ने, सीमावर्ती क्षेत्रको सुरक्षा कमजोर हुने तथा सर्वसाधारणले सास्ती भोग्नुपर्ने अवस्था सिर्जना भएको दाबी गरिएको छ।

स्थानीयवासीले छोटी भन्सार कार्यालय पुनः सञ्चालन गर्न माग गर्दै व्यापार प्रवर्द्धन, राजस्व वृद्धि, अवैध आयात-निर्यात नियन्त्रण, रोजगारी सिर्जना तथा सीमा सुरक्षा सुदृढीकरणका लागि सरकारलाई तत्काल कदम चाल्न आग्रह गरेका छन्।

## ज्ञान र प्रविधिबिना गन्तव्यहीन ............

प्रत्येक नेपाली नागरिकलाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर दिने उपाय अवश्य हुनुपर्छ। सबैका लागि शिक्षा साँच्चिकै प्राथमिकता हो भने अन्य क्षेत्रबाट वित्तीय स्रोत विद्यालय शिक्षामा सार्नुपर्छ। यो असम्भव पनि नहोला तर हालसम्म कुनै सरकारले यस्तो पहल अझै गरेको छैन। स्रोत पुऱ्याउनै नसक्ने भए वैकल्पिक उपाय खोज्न विलम्ब गर्नु हुँदैन।

**श्रेष्ठता प्राप्त गर्ने अवसर गुमाउनु हुँदैन**

मङ्सिर २०८० देखि अध्यापन र अनुसन्धान सुरु गरेको मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले ज्ञान र प्रविधि विकास गर्ने क्षमता भएको विश्वविद्यालय बन्ने बाटो दृढ आत्मविश्वासका साथ समातेको छ।

नेपालको विकास अवरुद्ध गर्ने दुई विसङ्गति- दलीय राजनीतिक भागबन्डा र भ्रष्टाचारबाट यो विश्वविद्यालय मुक्त छ। यस विश्वविद्यालयलाई विश्वस्तरीय विश्वविद्यालयका रूपमा विकास गर्न विद्यार्थी, प्राध्यापक र कर्मचारीहरू रातदिन मेहेनत गरिरहेका छन्। यस विश्वविद्यालयको अध्यापन र अनुसन्धान देशको आर्थिक विकासको आवश्यकताबाट निर्देशित छन्। विश्वविद्यालयले रोजगारी खोज्ने होइन, रोजगारी सिर्जना गर्ने जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएको छ।

यस विश्वविद्यालयको उद्देश्य समृद्ध र न्यायपूर्ण नेपाल निर्माण गर्ने रहेको छ भने यसको दूरदृष्टिमा विश्वस्तरीय विश्वविद्यालय रहेको छ। आर्थिक विकासका लागि नवप्रवर्तन यसको प्रेरक रहेको छ। सरकार र देशविदेशका नेपाली समुदाय तथा संसारका गैरनेपालीहरूको ठूलो सद्भाव एवं सहयोग रहेको छ यस विश्वविद्यालयको निर्धारित लक्ष्य हासिल गर्न।

विश्वविद्यालयले 'विश्वस्तरीय' बन्ने लक्ष्य संसद्बाट पारित विशिष्ट ऐनका आधारमा मात्र सम्भव भएको हो। ठूलो समुदायको प्रभावकारी मेहेनत र संयोगबाट नेपाललाई यो सफलता मिलेको हो। आवश्यक लगानी जुट्न सकेमा नेपालमा विश्वस्तरीय विश्वविद्यालय पक्का बन्ने छ र यसले समृद्ध नेपालको निर्माणमा अवश्य सहजीकरण गर्ने छ।

यहाँ भइरहेको अनुसन्धानमुखी शिक्षण, उद्योगसँगको सहकार्य र विश्वस्तरीय मापदण्डले नेपाललाई समृद्धिको बाटोमा डोऱ्याउन यसको योगदान रहनेछ। सरकारले यस विश्वविद्यालयलाई राष्ट्रिय महत्त्वको आयोजना घोषणा गरी आवश्यक लगानी गरेर ज्ञान र प्रविधि सिर्जनामा श्रेष्ठता प्राप्त गर्ने अवसर गुमाउनेछैन भन्ने विश्वास गर्न सकिन्छ।

(अध्यक्ष, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय)


## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ।
- दिमागमा असर पर्नसक्छ।
- समयमा नसुत्न सक्छन्।
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्।
- एकान्तमा बस्न मन पराउन सक्छन्।
- झिज्याहट हुन सक्छ।
- साथीहरूसँग घुलमिल नहुन सक्छन्।
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्।
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)



## स्वच्छ शहर: स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं।
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं।
- तोकिएको स्थानमा मात्र फोहोर फालौं।
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं।
- सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं।
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं।
- ध्वनि र वायु प्रदूषण कम गरौं।
- सडकको समयसमयमा मर्मतसम्भार गरौं।
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**विष्णुपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर**
मधेश प्रदेश, सिरहा (नेपाल)

## युवा उद्यमी खोज्दै राष्ट्रिय युवा परिषद ............

सक्नेछन्।

१६ वर्ष पूरा भई ४० वर्ष ननाघेका युवा व्यवसायीहरूले परिषद्को अनलाइन पोर्टलमार्फत आवेदन दिन सक्नेछन्। यसअघि नै आवेदन दिइसकेका युवा उद्यमीहरूको हकमा भने ती आवेदनहरूलाई यथावत् नै राखिएको छ।

प्रदर्शनी सुदूरपश्चिम प्रदेशको धनगढी, कर्णालीको वीरेन्द्रनगर, लुम्बिनीको बुटवल, बागमतीको हेटौंडा, मधेश प्रदेशको वीरगञ्ज र कोशी प्रदेशको विराटनगरमा आयोजना हुनेछ।

प्रत्येक प्रदेशबाट १५/१५ ओटा सूचना प्रविधि तथा स्टार्टअप व्यवसायहरू छनोट गरी प्रदर्शनीमा सहभागी गराइने परिषद्को योजना छ। छनोट हुने व्यवसायीहरूलाई स्टल व्यवस्थापनका लागि प्रति स्टल १० हजार रुपैयाँ प्रोत्साहन रकम समेत उपलब्ध गराइने जनाइएको छ।

प्रदर्शनीमा उत्कृष्ट हुने व्यवसायहरूलाई नगद पुरस्कारको समेत व्यवस्था गरिएको छ। जसअनुसार प्रथम हुनेलाई ४० हजार, द्वितीयलाई ३० हजार र तृतीय हुनेलाई २० हजार रुपैयाँ प्रदान गरिनेछ। त्यस्तै, दुई स्टार्टअपलाई १०/१० हजार रुपैयाँका दरले सान्त्वना पुरस्कार दिइने परिषद्ले जनाएको छ।

युवा उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यसहित आयोजना गरिएको कार्यक्रमले नवीन सोच भएका युवालाई व्यवसायिक अवधारणा प्रस्तुत गर्ने अवसर प्रदान गर्ने परिषद्को विश्वास छ। परिषद्ले आवेदन प्रक्रियामा कुनै समस्या आए सम्बन्धित सम्पर्क व्यक्तिसँग समन्वय गर्न समेत अनुरोध गरेको छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

AD
अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल

# अंग्रेजी माध्यममा पढाइ हुन थालेपछि भरिंदै सामुदायिक विद्यालय

अपन दैनिक संवाददाता
सिरहा, वैशाख २४ गते



सिरहाको लहान नगरपालिकाका केही सामुदायिक विद्यालयहरूले अंग्रेजी माध्यममा पठनपाठन सुरु गरेपछि विद्यार्थीहरूको आकर्षण ह्वात्तै बढेको छ। निजी विद्यालयमा अध्ययनरत आफ्ना बालबालिकालाई निकालेर अभिभावकहरूले सामुदायिक विद्यालयमा भर्ना गराउन थालेका छन्। लहान नगरपालिकाको थप आर्थिक सहयोगमा पहिलो चरणमा वडा नं. ३ को ललक् माध्यमिक विद्यालय, वडा नं. १२ को मावि पडरिया थारुटोल, वडा नं. १ को पशुपति माध्यमिक विद्यालय र वडा नं. १४ को बस्तीपुर माध्यमिक विद्यालयमा अंग्रेजी माध्यममा पढाइ सुरु गरिएको हो।

आगामी शैक्षिक सत्रदेखि वडा नं. २४ को लेखनाथ माध्यमिक विद्यालय र वडा नं. १५ को ढोढना माध्यमिक विद्यालयमा पनि अंग्रेजी माध्यम लागू गर्ने नगरपालिकाको योजना रहेको नगरप्रमुख महेश चौधरीले जानकारी दिए। 'समयको माग र अभिभावकको चाहनाअनुसार अंग्रेजी माध्यम सुरु गरिएको हो तर नेपाली माध्यमको पढाइ पनि निरन्तर नै छ,' नगर प्रमुख चौधरीले भने, 'नगरपालिकाभरि हाल ५९ वटा सामुदायिक विद्यालयहरू सञ्चालनमा छन्।'

विद्यार्थी संख्याको चाप हेर्दा, मावि थारुटोलमा अंग्रेजी माध्यममा ४५० र नेपाली माध्यममा ७०० विद्यार्थी अध्ययनरत छन्। त्यस्तै, ललक् माविमा अंग्रेजी माध्यममा १ हजार र नेपाली माध्यममा १ हजार ४ सय विद्यार्थी छन्। भर्ना लिनुअघि विद्यालयले प्रवेश परीक्षा लिने गरेको छ। मावि पडरियाका प्रधानाध्यापक मनोज यादवका अनुसार हाल तोकिएको कोटाभन्दा बढी विद्यार्थी आएका कारण भर्ना नै रोक्नुपर्ने अवस्था सिर्जना भएको छ।

'सामुदायिक विद्यालयप्रति गुम्दै गएको अभिभावकको विश्वास पुनः जागृत भएको छ,' प्रधानाध्यापक यादवले भने, 'अभिभावककै मागअनुसार अंग्रेजी माध्यम सुरु गरिएको हो, जसमा नगरपालिकाले आर्थिक सहायता र स्वयंसेवक शिक्षक उपलब्ध गराएर सहयोग गरेको छ।' उनले उदाहरणका रूपमा आफ्नी छोरीलाई समेत निजी विद्यालयबाट हटाएर आफ्नै विद्यालयमा भर्ना गराएका छन्। विद्यालयले अंग्रेजी माध्यमका विद्यार्थीबाट कक्षाअनुसारको न्यूनतम शुल्क लिने गरेको छ।

अभिभावक अनिलकुमार चौधरीले निजी विद्यालयको तुलनामा निकै कम खर्चमा गुणस्तरीय अंग्रेजी माध्यमको शिक्षा पाइने भएकाले छोरीलाई सामुदायिक विद्यालयमा भर्ना गराएको बताए। 'विद्यालयको अवस्था फेरिएको छ र पढाइ पनि राम्रो छ भन्ने सुनेपछि यहाँ नामाकंन गराएको हुँ' उनले भने।

हाल विद्यालयहरूमा पुस्तकालय, कम्प्युटर ल्याब र स्मार्ट बोर्डमार्फत पढाउने व्यवस्था मिलाइएको छ। यदि विद्यालयले छात्रावास, यातायात र चमेना गृहको समेत उचित व्यवस्थापन गर्न सके विद्यार्थीको आकर्षण अझै बढ्ने अभिभावकहरूको सुझाव छ।

## वृहत्तर जनकपुर क्षेत्र विकास परिषदमा कर्मचारी नियुक्ति ............

गएको कात्तिक १ गते नै दरबन्दी स्वीकृत भएपछि नियुक्त प्रक्रिया अघि बढाइएको उनको दाबी थियो।

**शुरुदेखि नै विवादमा अध्यक्ष**

साह अध्यक्षमा नियुक्त भएदेखि नै परिषद् झन् विवादमा तानिँदै गएको छ। किर्ते हस्ताक्षर मुद्दामा गत वर्ष असार महिनामा उनी पक्राउ समेत परेका थिए।

परिषद्का कार्यकारी निर्देशक बैजनाथ पासवानको हस्ताक्षर नक्कल गरी कर्मचारी बर्खास्त गरिएको उजुरीपछि साहविरुद्ध अनुसन्धानको क्रममा पक्राउ परेको थियो। साहले वरिष्ठ प्रशासकीय अधिकृत चिरञ्जीवी ढुङ्गाना, प्रशासकीय अधिकृत जितेन्द्र यादव, कम्प्युटर अधिकृत कृष्ण मुरारी सिंह, लेखापाल सावित्री गिरी र नायव सुब्बाहरू मदन चौधरी तथा सञ्जय मण्डलसहितका ६ जना कर्मचारीलाई किर्ते हस्ताक्षर गरी बर्खास्त गरेका थिए।

उनीहरूमध्ये अधिकांशविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा विचाराधीन रहेको जनाइएको छ।

निर्देशक पासवानको नक्कली हस्ताक्षरसहितको पत्र तयार पारी उच्च अदालत पाटनमा पेश समेत गरेका थिए। आफूहरूले २६ महिनादेखि तलब नपाएको र अदालतमा मुद्दा विचाराधिन अवस्थामा फर्जी तरिकाले विज्ञापन गरी नियुक्ति गर्नु कानून विपरित बर्खास्त गरिएका मध्येका कर्मचारी संजय मण्डलले बताएका छन्।

सो विवाद भएयता उच्च अदालत पाटनले कर्मचारीहरुको नियुक्ति पत्र, हाजिरी रजिष्टर हेरेर एक महिना भित्रै तलब खुवाउन परमादेश जारी गरिसकेको अवस्थामा अध्यक्ष साहले ती कर्मचारीहरुलाई तलब भत्ता रोकेर राखेका उनको भनाई छ।

परिषदमा कर्मचारी र अध्यक्षबीचको विवादले गत चारवर्षदेखि बजेट संचालन नभई फ्रिज हुँदै आएको कर्मचारीहरुको दाबी छ। साह अध्यक्षमा आएदेखि नै परिषद् विवादमा तानिएको छन्। चार वर्षदेखि परिषद्को कुनै काम अघि बढेको छैन भने बजेट समेत संचालन हुन सकेको छैन।

## जसपाले मधेश सरकारबारे समायोजन प्रक्रिया टुँगिएपछि निर्णय गर्ने

अपन दैनिक संवाददाता
जनकपुरधाम, वैशाख २४ गते



मधेश सरकारबाट समर्थन फिर्ता लिने वा जारी राख्नेबारे तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल र जनता समाजवादी पार्टी (जसपा) नेपाल पार्टी समायोजनको प्रक्रिया पुरा भएपछि मात्र निर्णय गर्ने एकीकृत जसपा नेपालले निर्णय गरेको छ।

सरकारबाट समर्थन फिर्ता लिने वा जारी राख्ने बारे काठमाडौंमा जसपा नेपालका शिर्ष नेताहरुबीच भएको छलफलबाट निष्कर्ष निकालिएको छ। जनमत पार्टीले समर्थन फिर्ता लिएपछि सरकार संकटमा पर्दा सरकारबाट समर्थन फिर्ता लिने वा जारी राख्नेबारे जसपा नेपालको पहिलो पटक औपचारिक छलफल भएको हो।

चुनावको मुखमा तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टीसँग एकीकरण गरेको भएपनि समायोजन प्रक्रिया बाँकी नै रहेकाले समायोजन प्रक्रिया सकिएपछि मात्र सरकारबारे जसपा नेपालले औपचारिक निर्णय गर्ने निष्कर्षमा पुगेको स्रोतले जनाएको छ।

३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक बाध्यताका बीच वर्तमान सरकारलाई समर्थन जारी राखेर यसै सरकारमा बस्ने वा सरकारको नेतृत्वमा दाबी गर्ने निर्वाचन आयोगको निर्णयसम्म सरकारबारे औपचारिक निर्णय गरिएको पार्टी स्रोतले जनाएको छ।

पर्ख र हेरको रणनीति अपनाएको जसपा नेपालले केन्द्रीय नेतृत्वसँगको समन्वयमा निर्णय लिन जसपाको तयारी छ। मधेश प्रदेशका तीनजना पूर्व मुख्यमन्त्री सहित पूर्वमन्त्रीहरुबीच काठमाडौंमा छलफल भएको हो।

बिहीबार पार्टी कार्यालय बालकुमारीमा बसेको बैठकमा मधेश प्रदेशका प्रथम मुख्यमन्त्री लालबाबु राउत, पूर्व मुख्यमन्त्री एवं संसदीय दलका नेता सरोज कुमार यादव, पूर्व मुख्यमन्त्री जीतेन्द्र सोनल, पूर्व अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, पूर्व राज्यमन्त्री सुरेश कुमार मण्डल सहितका नेताहरू छलफलमा सहभागी थिए।

यसैबीच जसपा नेपाल र लोसपा नेपालका पदाधिकारीहरू पार्टी समायोजनको प्रक्रिया कहाँसम्म पुग्यो भन्ने कुरा बुझ्न बिहिबार नै निर्वाचन आयोगको कार्यालयमा पुगेका छन्। जसपा नेपालको समायोजनपछि पार्टी मधेश प्रदेशको सबै भन्दा ठूलो दल बनेर सरकार नेतृत्वको दाबी गर्ने पक्षमा रहेका कारण अहिले समर्थन बारे कुनै औपचारिक निर्णय नगरेको बुझिएको छ।

तत्कालीन जसपा नेपालको १९ र लोसपा नेपालको ८ गरि जम्मा जम्मा २६ सांसद रहेका छन्। जसपा र लोसपा दुवैबाट एक/एक सांसद निलम्बित छन् भने जसपाबाट एक जना सांसद सभामुख भएका छन्। यसले एकीकृत जसपा नेपालसँग २५ सीट मात्र हुन जान्छ।


## खाद्य गुणस्तरमा ध्यान दिऔं ।

- चसफा र सुरक्षित खानेकुरा मात्र किनौं।
- मिसावट भएको खाद्य सामग्री नबेचौं र नकिनौं।
- खाद्य सामग्रीमा कुनै रासायनिक पदार्थ वा हानिकारक तत्व नमिसाऔं।
- म्याद समाप्त भएको खानेकुरा सेवन नगरौं।
- खाद्यान्न भण्डारण देखि पकाउने भाँडा समेतमा उचित ध्यान पुऱ्याऔं।
- ताजा फलफूल र तरकारी खाने बानी बसाऔं।
- अत्यधिक नुन, तेल, चिनी र पिरो खाने नगरौं।
- खाद्य सामग्री सही तापक्रममा भण्डारण गरौं।

स्वस्थ जीवनका लागि गुणस्तरीय खाना खाऔं !

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, गोलबजार
मधेश प्रदेश, सिरहा (नेपाल)


## मधेशका ...........

गरेको परिपत्रको बुँदा नम्बर ५ को (ट) मा 'नेपाल सरकार, प्रदेश सरकारका मन्त्री र प्रदेश प्रमुखको सचिवालयमा बढीमा तीनजना मात्र नियुक्त गर्न सक्ने' उल्लेख छ।

तर, मुख्यमन्त्रीले १० जना सचिवालयमा राखेपछि मुख्यमन्त्री कार्यालयका कर्मचारीले उनीहरूलाई तलब खुवाउन मानेका छैनन्। मुख्यमन्त्री यादवले करिब २ महिना अगाडि तलब खुवाउन फाइल लेखाशाखामा पठाएका थिए।

तर, तीनजना भन्दा बढीको तलब खुवाउन नमिल्ने कर्मचारीले अडान लिएका छन्।

'संघीय सरकारले सचिवालयमा तीनजना भन्दा बढी नियुक्त गर्न नपाइने परिपत्र गरेको छ। हाम्रो मुख्यमन्त्रीजीले १० जना नियुक्त गर्नु भएको छ। यो संघीय सरकारको परिपत्र विपरीत हो,' एक कर्मचारीले भने, 'तलब खुवाइयो भने कर्मचारी जिम्मेवार हुनुपर्छ। भोलि फस्ने डर छ। त्यसकारण त्यो फाइल अड्केको हो।'

केही दिनअघि मुख्यमन्त्री यादवले सञ्चारकर्मीसँगको भेटघाटमा आफ्नो सचिवालयका कर्मचारीले अहिलेसम्म तलबभत्ता खान नपाएको गुनासो गरेका थिए।


## स्वदेशी वस्तुको प्रयोग गरौं ।

**सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१ मा-**

- सार्वजनिक निकायले कुनै बस्तु वा सेवा खरिद गर्दा स्वदेशी बस्तु तथा सेवा खरिद गर्नुपर्ने।
- त्यस्तो बस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले थोक तथा बिक्री मुल्य प्रकाशन गर्नुपर्ने।
- सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भए सम्म स्वदेशी उद्योगबाट निर्मित पोसाक प्रयोग गर्नुपर्ने।
- सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठी र सेमिनारमा स्वदेशी वस्तुको प्रयोग गर्ने, ब्यवस्था छ।

स्वदेशी वस्तुको प्रयोगबाट स्वदेशी उद्योगको संरक्षण हुन्छ
उक्त व्यवस्थाको पालना गरौं र गराऔं !

भगवानपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, भगवानपुर
मधेश प्रदेश, सिरहा (नेपाल)